मिति २०८२/०३/०५ गते बसेको चौधौं गाउँकार्यपालिका बैठकको प्रस्तावहरु

मनहरी गाउँपालिका-

गाउँकार्यपालिकाको बैठक

मिति २०८२/०३/ ०५ बैठक संख्या : २०८१/०८२-१४ समय : विहान ८ : ०० बजे

अध्यक्षता : गाउँपालिका अध्यक्ष श्री रन्जन कालाखेती स्थान : मनहरी गाउँपालिका लामिटार सभाहल

**उपस्थिति**

| क्र.स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री रन्जन कालाखेती | गाउँपालिका अध्यक्ष | |
| २ | श्री सिता पुलामी मगर | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री राजकुमार पाख्रिन | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री अनन्त प्रकाश अर्याल | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री प्रकाश थापा | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री दिपेन्द्र अधिकारी | ५ नं.वडा अध्यक्ष | |
| ८ | श्री युव राज थपलिया | ६ नं.वडा अध्यक्ष | |
| ९ | श्री ठाकुर राम तितुङ | ७ नं.वडा अध्यक्ष | |
| १० | श्री नारायण उप्रेती | ८ नं.वडा अध्यक्ष | |
| ११ | श्री राज कुमार श्रेष्ठ | ९ नं.वडा अध्यक्ष | |
| १२ | श्री सविता सुवेदी | कार्यपालिका सदस्य | |
| १३ | श्री सेती माया तामाङ | कार्यपालिका सदस्य | |
| १४ | श्री राम माया नगरकोटी | कार्यपालिका सदस्य | |
| १५ | श्री मिरा खत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री कान्छी माया वोट | कार्यपालिका सदस्य | |
| १७ | श्री चतुर कुमार सुनार | कार्यपालिका सदस्य | |

श्री रमेश सुवेदी प्रमुख प्रशासकीय अधिकृत

आमन्त्रित/बैठक सहयोगी

श्री अन्जना सुवेदी प्रशासन शाखा प्रमुख



Scanned with CamScanner

मिति २०८२/०३/०५ गते बसेको चौधौं गाउँकार्यपालिका बैठकको प्रस्तावहरु

ावहरु :

प्रधानमन्त्री रोजगार कार्यक्रम ज्यालामा शतप्रतिशत रकम साझेदारी सम्वन्धमा ।

आ.ब. ०८१/०८२ को बार्षिक वजेट सम्वन्धमा ।

३. विनियोजन विधेयेक, २०८२ सम्बन्धमा ।

४. बहुक्षेत्रिय पोषण कार्यक्रम संचालनको लागि क्षेत्र तोक्ने सम्बन्धमा ।

५. योजनाको सापटी रकम सम्बन्धमा

६. वारेस/ अख्तियार सम्बन्धमा ।

७. अन्तिम संस्कार रकम सहयोग सम्बन्धमा ।

८. वाल विकास सहजकर्ता र विद्यालय कर्मचारीको तलब वृद्धि सम्वन्धमा ।

९. गाउँपालिका श्रोतको तलब भत्ता सम्वन्धमा ।

१० अमिन सुविधा सम्बनधमा ।

११. कार्यविवरण सम्बन्धमा ।

१२. ईलाका ट्राफिक कार्यालयलाई सहयोग सम्बन्धमा ।

१३. मर्मत संभार कोषको रकम भुक्तानी सम्बन्धमा ।

Scanned with CamScanner

मिति २०८२/०३/०५ गते वसेको चौधौं गाउँकार्यपालिका बैठकको प्रस्तावहरु निर्णयहरु

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

१. प्रस्ताव नं. २ माथि छलफल गर्दा आ.व. ०८२/०८३ को संघीय शशर्त कार्यक्रम अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रम रोजगार आयोजना संचालनको लागि ज्याला रकममा गर्नुपर्ने शत प्रतिशत समझ्देदारी गरी आ.व. ०८२/०८३ मा प्रधानमन्त्री रोजगार कार्यक्रमलाई निरन्तरता दिने निर्णय गरियो ।

२. प्रस्ताव नं. माथि छलफल गरी अनुसूची -१ वमोजिम आ.व. ०८२/०८३ को वार्षिक वजेट तथा कार्यक्रम र आ.व. ०८२/०८३ को बार्षिक बजेट तथा कार्यक्रम, आ.व. २०८२/०८३, ०८३/०८४ र ०८४/०८५ को त्रिवर्षिय वजेट मध्यकालीन खर्च संरचना स्वीकृत गरियो र मिति २०८२ आषाढ १० गतेको सत्रौ अधिवेशनको दोस्रो बैठकमा पेश गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा विनियोजन विधेयेक, २०८२ उपर दफावार छलफल गरी स्वीकृतिको लागि मनहरी गाउपालिकाक्रो १७ औ अधिवेशंनको दोस्रो बैठकमा पेश गर्ने निर्णय गरियो।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत सुनौलो हजार दिनका महिलाहरुको पोषण सुधारको लागी आयआर्जन अनुदान वितरणको लागी मनहरी गाउँपालिकाको साविकमा कार्यक्रम संचालन भएको वडा बाहेक प्राथमिकताको आधारमा क्रमश ५, ६, ८, ९, १ वडाहरुमा वहुक्षेत्रिय पोषण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ बमोजिम कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गाउपालिकाको चा.लु. आ.व. ०८१/०८२ मा स्वीकृत योजना तथा कार्यक्रमहरुको उपभोक्ता समितिहरुबाट सम्पन्न गरि भुक्तानीको लागी अनुरोध भई आएकोमा उल्लेखित योजनाहरुको स्वीकृत शिर्षकमा रकम नभई भुक्तानी दिन समस्या भएकोले अनुसूची – २ वमोजिम शिर्षकवाट कार्यालयवाट विभिन्न मितिहरुमा भुक्तानी गरिएको शिर्षक अनुसारको रकम अनुमोदन गर्ने निर्णय गरियो।

६। प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस मनहरी गाउँपालिकाको कार्यालय समेतलाई बिपक्षी बनाई सम्मानित सर्वोच्च अदालत, उच्च अदालत, जिल्ला अदालतमा दायर भएका मुद्दाहरुमा लिखित जवाफ



मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल

रन्जन कालाखेती
अध्यक्ष

Scanned with CamScanner

मिति २०८२/०३/०५ गते बसेको चौधौं गाउँकार्यपालिका बैठकको प्रस्तावहरु

तयार गरि दर्ता गर्ने, तारेखमा रहि मुद्धाको पुर्पक्ष गर्ने, वहस पैरवी गर्ने आवश्यकता वमोजिम कानुन व्यवसायी मुकरर गर्ने लगाएतको जे जो गर्नु पर्ने कामको लागि तथा यस मनहरी गाउँपालिका न्यायिक समिति अन्तरगतका मुद्दाहरु निरुपण हुन नसकी कानूनी उपचारकोलागी उपर्युक्त नियमित अदालतहरुमा जानुपर्ने भएमा आर्थिक अवस्था कमजोर भएका, अन्यायमा परेका पिडीत पक्षको तर्फबाट कानून ब्यवसायीको हैसियतले बहस पैरवी प्रतिरक्षाको लागि यसै गाउँपालिकाको न्यायिक सहजकर्ता अधिबक्ता रेखा सापकोटालाई अख्तियारी दिने निर्णय गरियो।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा आ.व. ०८१/०८२ को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रममा अन्तिम संस्कार सहयोग शिर्षकमा विनियोजित रकम कार्यान्वयनको क्रममा अपुग भएकोले आर्थिक सहयोग शिर्षकबाट खर्च भएको रु ५,३०,०००/- (पाचँ लाख तिस हजार) अन्तिम संस्कार सहयोग कायम गरी अनुमोदन गर्ने निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा संघीय कार्यक्रम अनुसार आ.व. ०८२/०८३ मनहरी गाउँपालिकामा कार्यरत वाल विकास सहजकर्ता र लेखापाल र परिचरहरुको वृद्धि भएको तलव भत्तामा गाउँपालिकाले गत आ.व. मा उपलब्ध गराउदै आएको थप ९ हजारलाई निरन्तरता दिई वाल विकास सहजकर्ताको रु २१ हजार, २४ हजार र १९ हजार कायम गर्ने निर्णय गरियो ।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा मनहरी गाउँपालिकाको शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०८१ बमोजिम दरवन्दी मिलान कार्यक्रमलाई अनुमोदन गर्ने र यसरी सृजना भएको दरबन्दीमा माध्यामिक विद्यालयहरुमा रु २४,००० र आधारभुत तह संचालित विलालयको हकमा रु २०,००० का दरले आ.व. ०८२/०८३ मा तलब भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा मनहरी गाउँपालिकामा काररत अमिन सःशुल्क जग्गा नापजाँचको लागि फिल्डमा खटिँदा नापजाँच शुल्क एक हजार रुपैया भन्दा माथि भएको हकमा प्रति निवेदन रु १०००।-का दरले र जग्गा नापजाँच बाहेक घर नक्सा पासको लागि प्राविधिक कामले फिल्डमा खटिँदा प्रति दिन ५००।- दरले प्रदान गरिएको थप सुविधालाई निरन्तरता दिने निर्णय गरियो ।

११. प्रस्ताव नं. ११ माथि छलफल गर्दा मनहरी गाउँपालिकाको स्वीकृत सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०८० बमोजिम स्वीकृत स्थायी तथा सेवा करार पदहरुको कार्यविवरण स्वीकृत गर्ने निर्णय गरियो ।

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हर्नामाडी, मकवानपुर
बागमती प्रदेश, नेपाल

रन्जन कालाखेती
अध्यक्ष



Scanned with CamScanner

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

१२. प्रस्ताव नं. १२ माथि छलफल गर्दा ईलाका ट्राफीक प्रहरी कार्यालय सुनाचुरी, मनहरीको ब्यारेक भवनको दक्षिण पश्चिम तर्फको कोठा सडकमा परेर भत्केको र पुन निर्माण गर्ने प्रयोजनको लागि आर्थिक सहयोग माग भई आएको सन्दर्भमा समपुरक/अन्य सार्वनजिक निर्माण शिर्षकबाट खर्च व्यहोर्ने गरी रु २०,०००/- (बिस हजार) ईलाका ट्राफिक प्रहरी कार्यालय सुनाचुरी मनहरीलाई आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

१३. प्रस्ताव नं. १३ माथि छलफल गर्दा मनहरी गाउपालिका भित्रका विभिन्न वडा अन्तर्गत रहेका खानेपानी, सिचाँई योजनाहरु बिग्रेर विभिन्न समयमा मर्मतका लागि वडा कार्यालयहरुबाट भएको सीफारिसको आधारमा तोक आदेश अनुसार मर्मत भई प्राप्त एच. एण्ड. एस. सप्लायर्स मनहरी -९ को २,५०,७५७।१७ गाउँपालिका चालु तर्फ विनियोजित मर्मत संभार कोष तर्फ विनियोजित मर्मत संभार कोष रु १० लाख मध्येबाट भुक्तानी गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

उपर्युक्त निर्णयहरु सर्वसम्मत रुपमा पारित गरियो ।

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल

रन्जन कालाखेती
अध्यक्ष



Scanned with CamScanner

अनुसूची -२

मिति २०८१/०३/०५ गते बसेको चौधौं गाउँकार्यपालिका बैठकको ...य नं. ५ संग सम्वन्धित

| सि.नं | योजनाको नाम | ठेगाना | उ.स.अध्यक्ष | लागत अनुमान | मूल्यांकन रकम | बिनियोजित रकम | भुक्तानी भएको रकम | स्वीकृत शिर्षक | भुक्तानी भएको शिर्षक |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | जिम्दार टोल हुदै भार्डी जाने बाटो कल्भर्ट निर्माण योजना | मनहरी ९ | लिलानाथ पाठक | ६०२५३९।८४ | ५९९८६८।२६ | ५००००० | ४९७७८३ | राजश्व बाडफाड स्थानीय नगद | नेपाल सरकार समानिकरण अनुदान -समपूरक तथा अन्य सार्वजनिक निर्माण सघिय |
| २ | वैदार टोल स्लाव ढलान | मनहरी ८ | संगिता राना | २३६४०९।६५ | २३२७२४।६८ | २००००० | १९६८८३ | "  " | "  " |
| ३ | जलेश्वर मन्दिर व्यवस्थापन तथा बाटो स्लाव ढलान | मनहरी ८ | मदन विश्वकर्मा | ४७०३२६।०६ | ४१९१४८।१६ | ४००००० | ३५६४७५ | "  " | " |
| ४ | ज्योती थापाको घर जाने बाटो स्लाव | मनहरी ८ | रामचन्द्र थिङ्ग | ३५६४१०।१८ | ३६०७४६।२४ | ३००००० | ३००००० | "  " | |
| ५ | भरत कार्की नेत्रबहादुर मुक्तानको बाटो वाल र स्लाब | मनहरी ८ | दिलबहादुर वाईवा | ५८८६६९।६३ | ५८७२५५।९३ | ५००००० | ५००००० | "  " | "  " |
| ६ | रेडक्रस भवन मर्मत योजना | मनहरी ८ | अन्जु कार्की | २३६३२८।३४ | २३९५३६।३५ | २००००० | २००००० | "  " | |
| ७ | गुम्वाडांडा मरणघाट ट्यांकी स्ट्याण्ड व्यवस्था | मनहरी ८ | करुणा मुक्तान गुरुङ्ग | ११७८७०।२५ | ११५७००।८४ | १००००० | ९८१५९ | "  " | |
| ८ | साङ्गा छोईफेल गुम्बा गेट अगाडीको बाटो स्तरिकरण | मनहरी ७ | नारायण सिं घिसिङ्ग | २३५८६८ | २३५९१० | २००००० | २००००० | "  " | |
| ९ | साङ्गा छोईफेल गुम्बाको हरित पार्क स्तरिकरण | मनहरी ७ | प्रकाश लामा स्याङ्गतान | २३५३३९ | २३५४५९ | २००००० | २००००० | "  " | "  " |
| १० | रुन्चेडाडां चुरीयामाई जाने खुडकिलो बाटो स्तरिकरण | मनहरी ५ | वीरबहादुर वाईवा | ५८८२३७९२ | ५८८२६९।११ | ५००००० | ५००००० | "  " | "  " |
| | जम्मा रकम | | | | | ३१००००० | ३०४९३०० | | |
| सि.नं | योजनाको नाम | ठेगाना | उ.स.अध्यक्ष | लागत अनुमान | मूल्यांकन रकम | बिनियोजित रकम | भुक्तानी भएको रकम | स्वीकृत शिर्षक | भुक्तानी भएको शिर्षक |

मिति २०८  ०३/०५ गते बसेको चौधौं गाउँकार्यपालिका बैठकको [illegible]य नं. ५ संग सम्वन्धित

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | पेमालिङ्ग गुम्बा पुर्वाधार | मनहरी ५ | बिरबहादुर रुम्बा | ५८८७१४।६२ | ५८९४४८।४४ | ५००००० | ५०००००| राजश्व बाडफांड स्थानीय नगद | नेपाल सरकार समानिकरण अनुदान -समपुरक तथा अन्य सार्वजनिक निर्माण प्रदेश |
| २ | भुन्द्रुङ्ग गिरीटोल हुदैं भोर्थुङ्गे पुल जाने बाटो स्तरिकरण | मनहरी ३ | शिवराम पौडेल | ३५३१११।५६ | ३५३९२०।१४ | ३००००० | ३००००० | ″ | |
| ३ | विल्वेश्वर मन्दिर सत्तल निर्माण मर्मत संभार | मनहरी ३ | बासुदेव ढकाल | ३५३५७६।९३ | ३५२२४३।३९ | ३००००० | २९८८६८।५ | ″ | |
| ४ | भिमान खानेपानी योजना | मनहरी २ | नारायण सिं ब्लोन | ४७०१०९।१ | ४७१३१७।३४ | ४००००० | ४०००००| ″ | |
| ५ | स्याङ्बो टोल अधुरो सिंचाई | मनहरी २ | चन्द्रबहादुर थिङ्ग | ४७०७९३।४८ | ४७५७०१।१९ | ४००००० | ४०००००| | |
| ६ | तल्लो मकरी पुच्छर बाटो स्तरिकण | मनहरी १ | नबिन प्रजा | १०५९३७२।६ | १०५१२२७८ | ९००००० | ८९३०८० | | |
| ७ | महादेवस्थान कृगापुत्री घर निर्माण | मनहरी १ | भरत प्रसाद बर्तौला | ३५३२०९।४६ | ३४९९२३ | ३००००० | २९७२१० | ″ | |
| | जम्मा रकम | | | | | ३१०००००| ३०८९१५९ | | |

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रनैया, मकवानपुर
बागमती प्रदेश, नेपाल

रञ्जन कालाखेती
अध्यक्ष